November 5th, 2024 Tuesday

प्रमुख समाचार:

- क्यानडाको एउटा हिन्दू मन्दिरमा भएको आक्रमणप्रति प्रधानमन्त्री श्री नरेन्द्र मोदीको कडा निन्दा, यस मामिलामा न्याय सुनिश्चित गर्न र कानून व्यवस्था कायम गर्न आग्रह
- संसदको हिउँदे अधिवेशन यही नोभेम्बर २५ देखि डिसेम्बर २० सम्म सञ्चालन हुने
- महाराष्ट्र र झारखण्ड विधानसभा चुनावका लागि सबै राजनीतिक दलहरूको प्रचारप्रसार चरम सीमामा
- अमेरिकामा नयाँ राष्ट्रपतिको निर्वाचनका लागि मतदान हुँदै
- अनि टेनिसमा, भारतका ऋत्विक चौधरी बोलिपल्ली र उनका पोर्चुगाली जोडी फ्रान्समा जारी मोसे ओपन टेनिस प्रतियोगिताको पुरुष युगलको क्वार्टरफाइनलमा प्रवेश

**1. PM - Canada**

प्रधानमन्त्री श्री नरेन्द्र मोदीले क्यानडाको एउटा हिन्दू मन्दिरमा भएको आक्रमणको कडा निन्दा गर्नुभएको छ। श्री मोदीले क्यानाडा सरकारलाई यस मामिलामा न्याय सुनिश्चित गर्न र कानून व्यवस्था कायम गर्न आग्रह गर्नुभएको छ। विदेशमन्त्री डा एस जयशंकरले आक्रमणलाई अत्यन्तै चिन्ताजनक भन्नुभएको छ। क्यानबेरामा आज बिहान अस्ट्रेलियाका विदेशमन्त्री श्री पेनी वोङसँगको संयुक्त पत्रकार सम्मेलनमा डा. जयशंकरले क्यानडामा आतंकवादी समूहलाई राजनीतिक शरण दिएकोमा चिन्ता व्यक्त गर्नुभयो। उहाँले क्यानडाले कुनै खास जानकारी नदिई आरोप लगाउने बानी विकास गरेको बताउनुभयो। उहाँले क्यानडामा भारतीय कूटनीतिज्ञहरुको निगरानी अस्वीकार्य रहेको बताउनुभयो। क्यानबेरामा हिन्दू मन्दिरहरूमा भएको आक्रमणको बारेमा बोल्दै अस्ट्रेलियाका विदेशमन्त्रीले यी आक्रमणहरूले भारतीय समुदायका लागि समस्या सिर्जना गरिरहेको बताउनुभयो। यसअघि विदेशमन्त्री डा. एस. जयशंकरले आज क्यानबेरामा अस्ट्रेलियाका विदेशमन्त्री श्री पेनी वोङसँग भारत-अष्ट्रेलियाका विदेश मन्त्रीहरूको 15औँ औपचारिक वार्तामा भाग लिनुभयो।

2. **Parliament Winter Session**

संसदको हिउँदे अधिवेशन नोभेम्बर २५ देखि डिसेम्बर २० सम्म चल्नेछ । संसदीय मामिला मन्त्री श्री किरेन रिजिजुले एक सामाजिक सञ्जाल पोस्टमा संविधान ग्रहण गरेको 75 औं वार्षिकोत्सव नोभेम्बर 26 मा संविधानसभाको केन्द्रीय हलमा मनाइने बताउनुभयो।

3. **Haryana – Session**

हरियाणाको 15 औं विधानसभाको पहिलो सत्र नोभेम्बर 13 देखि सुरु हुनेछ। हरियाणा विधानसभा सचिवालय द्वारा जारी अधिसूचना अनुसार, सत्रको अर्को बैठक बुधबार बिहान ११ बजे सुरु हुनेछ।

4. **Maharastra Election**

महाराष्ट्र विधानसभा चुनाव नजिकिँदै जाँदा प्रचारप्रसार तिब्र भएको छ। राज्यका २८८ सिटका लागि चार हजार एक सय ४० उम्मेदवार चुनावी मैदानमा उत्रिएका छन् । मुख्यमन्त्री श्री एकनाथ शिन्देले आज सताराको कोरेगाउँमा शिव सेनाका उम्मेदवारको समर्थनमा चुनावी सभालाई सम्बोधन गर्नुभयो । उपमुख्यमन्त्री श्री देवेन्द्र फडणवीस नागपुर दक्षिण पश्चिम क्षेत्रको ठूलो र्‍यालीमा सहभागी हुनुभयो।। यस बाहेक कांग्रेस नेता श्री राहुल गान्धीले भोलि नागपुर र मुम्बईमा चुनावी सभाहरूलाई सम्बोधन गर्ने कार्यक्रम छ।

5. **Maharastra – DGP**

निर्वाचन आयोगले श्री सञ्जय कुमार वर्मालाई महाराष्ट्रको नयाँ प्रहरी महानिदेशक नियुक्त गरेको छ। विपक्षी दलको गुनासोपछि रश्मी शुक्लालाई पदबाट हटाएर उहाँलाई यो पदमा नियुक्त गरिएको हो । यही महिनाको अन्त्यमा महाराष्ट्रमा विधानसभा चुनाव हुँदैछ। श्री संजय कुमार वर्मा 1990 ब्याचका आईपीएस अधिकारी हुनुहुन्छ।

6. **Jharkhand – Election**

झारखण्डमा चुनावी अभियान तीव्र भएको छ । नोभेम्बर १३ मा राज्यमा पहिलो चरणको मतदान हुँदैछ । उत्तर प्रदेशका मुख्यमन्त्री श्री योगी आदित्यनाथले कोडरमाको डोमचाचीमा चुनावी र्‍यालीलाई सम्बोधन गर्दै राज्यका मुख्यमन्त्री श्री हेमन्त सोरेनले राज्य

बर्बाद गरेको आरोप लगाउनुभएको छ। अर्कोतर्फ झारखण्ड मुक्ति मोर्चाका वरिष्ठ नेता तथा मुख्यमन्त्री श्री हेमन्त सोरेनले भाजपाले धर्मको नाममा समाजलाई विभाजित गरेको आरोप लगाउनुभएको छ।

समाचार आकाशवाणीबाट सुन्दै हुनुहुन्छ....

7. Prahlad Joshi – Food Items

केन्द्र सरकारले अत्यावश्यक खाद्यवस्तुको मूल्य स्थिर राख्न र किसानलाई उचित मूल्य सुनिश्चित गर्न धेरै कदम चालेको छ। यसै क्रममा उपभोक्ता, खाद्य तथा सार्वजनिक वितरण मन्त्री श्री प्रल्हाद जोशीले आज नयाँ दिल्लीमा भारत ब्रान्ड चामल र पिठो योजनाको दोस्रो चरणको उद्घाटन गर्नुभयो।

8. VK Paul - FICCI

नीति आयोगका सदस्य, डा. विनोद के. पलले भन्नुभएको छ, कृत्रिम बुद्धिमत्ता अर्थात् AI ले स्वास्थ्यको क्षेत्रमा धेरै परिस्थितिहरूमा सही दृष्टिकोण अपनाउन मद्दत गर्दछ। भारतीय उद्योग वाणिज्य महासंघ फिक्कीको १८औँ वार्षिक स्वास्थ्य सेवा सम्मेलनमा उहाँले यस्तो बताएउनुभएको हो। उहाँले भारतको स्वास्थ्य सेवा विकसित देशको स्तरमा हुनुपर्ने बताउनुभयो ।

9. SC – UP Madarasa

सर्वोच्च अदालतले उत्तर प्रदेश मदरसा शिक्षा बोर्ड अधिनियम 2004 को संवैधानिक वैधतालाई समर्थन गरेको छ। प्रधानन्यायाधीश डीवाई चन्द्रचुड र न्यायाधीश जेबी पर्दिवाला र मनोज मिश्राको खण्ड पीठले इलाहाबाद उच्च अदालतको मार्च २२ को फैसलालाई खारेज गरेको छ। सर्वोच्च अदालतको यो व्यवस्था अनुसार उत्तर प्रदेशमा मदरसाहरू सञ्चालन गर्ने र शैक्षिक मापदण्ड तय गर्ने अधिकार सरकारलाई हुनेछ।

10. US – Prez Polls

अमेरिकामा राष्ट्रपति पदका लागि आज मतदान हुँदैछ। चुनावमा रिपब्लिकन उम्मेदवार श्री डोनाल्ड ट्रम्प र डेमोक्रेटिक पार्टीकी श्रीमती कमला ह्यारिसबीच प्रतिस्पर्धा हुँदैछ। श्री ट्रम्पले मिशिगनमा भाषण दिएर आफ्नो अभियान समाप्त गर्नुभयो, त्यसैगरि श्रीमती ह्यारिसले महत्त्वपूर्ण राज्य पेन्सिल्भेनियामा भाषण दिएर अभियान समाप्त गर्नुभयो। निर्वाचनमा कूल ५३८ निर्वाचन क्षेत्र छन्, जसमध्ये २७० मा जित्ने उम्मेदवार विजयी हुनेछन्। देशमा करिब २४ करोड ४० लाख पञ्जीकृत मतदाता छन्। सन् २०२० को चुनावमा ६६ प्रतिशत मतदान भएको थियो। निर्वाचन विश्लेषकहरूका अनुसार दुई उम्मेदवारबीच कडा प्रतिस्पर्धा छ।

11. **Bihar - Chhatth**

बिहारमा चार दिनसम्म चल्ने छठ पूजा आजदेखि सुरु भएको छ। सूर्यदेवको पूजा आराधना गर्ने यो पर्व नोभेम्बर ८ मा समापन हुँदैछ। हाम्रा संवाददाताका अनुसार छठ पूजाका लागि राज्यको औरंगाबाद, नालन्दा र पटना जिल्लाका प्रसिद्ध देव, ओङ्गारीधाम र ओलार्क सूर्य मन्दिर परिसरमा ठूलो संख्यामा भक्तजनहरू ओइरिएका छन्।

12. **Ritwik - Tennis**

भारतका ऋत्विक चौधरी बोलिपल्ली र उनको जोडी पोर्चुगलका फ्रान्सिस्को काब्राल फ्रान्समा जारी मोसे ओपन टेनिस प्रतियोगिताको पुरुष युगलको क्वार्टरफाइनलमा प्रवेश गरेको छ। क्वार्टरफाइनलमा यो जोडीले बिहीबार मेक्सिकोका सान्टियागो गोन्जालेज र फ्रान्सका एडवार्ड रोजर भासेलिनको शीर्ष वरीयताको जोडीसँग प्रतिस्पर्धा गर्नेछ।

13. **Table Tennis - Champions Frankfurt**

भारतकी श्रीजा अकुलाले आज जर्मनीको फ्रान्कफर्टमा विश्व टेबलटेनिस प्रतियोगितामा आफ्नो अभियान सुरु गर्नेछिन्। महिला एकलको पहिलो चरणमा भारतीय खेलाडीले पोर्टो रिकोकी एड्रियाना डियाजसँग प्रतिस्पर्धा गर्नेछिन्। यसअघि मनिका बत्रा पहिलो चरणमा दक्षिण कोरियाकी सातौं वरियताकी शिन युबिनसँग पराजित भएपछि प्रतियोगिताबाट बाहिरिएकी थिइन्।

बुलेटिनका प्रमुख समाचार पुन: एकपटक

- क्यानडाको एउटा हिन्दू मन्दिरमा भएको आक्रमणप्रति प्रधानमन्त्री श्री नरेन्द्र मोदीको कडा निन्दा, यस मामिलामा न्याय सुनिश्चित गर्न र कानून व्यवस्था कायम गर्न आग्रह
- संसदको हिउँदे अधिवेशन यही नोभेम्बर २५ देखि डिसेम्बर २० सम्म सञ्चालन हुने
- महाराष्ट्र र झारखण्ड विधानसभा चुनावका लागि सबै राजनीतिक दलहरूको प्रचारप्रसार चरम सीमामा
- अमेरिकामा नयाँ राष्ट्रपतिको निर्वाचनका लागि मतदान हुँदै
- अनि टेनिसमा, भारतका ऋत्विक चौधरी बोलिपल्ली र उनका पोर्चुगाली जोडी फ्रान्समा जारी मोसे ओपन टेनिस प्रतियोगिताको पुरुष युगलको क्वार्टरफाइनलमा प्रवेश